# कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

कटारी उदयपुर
प्रदेश नं. १ नेपाल
स्थाः २०७१

पत्र संख्या : ०७८/७९
चलानी नं. : २०१८

मिति : २०७९/०३/३०

सामाजिक सुरक्षा तथा परिचयपत्र नवीकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को अनूसुची २ दफा ४ को उपदफा १ बमोजिम सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था भएकाले यस नगरपालिकाका सबै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धित वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई मिति २०७९ साउन १ गते देखि कात्तिक मसान्त भित्र अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुहुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा बुबा संरक्षक वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले सङ्कलन गर्नुपर्ने कागजातहरुः

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. बालबालिकाको हकमा जन्म दर्ता प्रतिलिपी
३. सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाण पत्रको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण
४. ६० वर्ष माथिको एकल महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्र प्रतिलिपी
५. विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
६. अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपी
७. न्यायिक पृथकीकरण गरी बसेको महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण पत्र
८. ६० वर्ष भन्दा मुनिका विधवा महिला लाभग्राहीको हकमा अर्को विवाह नभएको प्रमाण र पतिको मृत्यु दर्ता प्रमाण पत्र

पुनश्चः १ सामाजिक सुरक्षा परिचयपत्र नवीकरण निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयमा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत
अनिल किराती
प्रमुख प्रशासकीय अधिकृत